Journal of Buddhist Studies (T.U)
Print ISSN: 3021–9973
Vol. 2, No. 2: 148-157, 2025
eJournal Site: https://cdbs.tu.edu.np/eJournal

Central Department of Buddhist Studies
Tribhuvan University
Kirtipur, Kathmandu, Nepal
DOI: https://doi.org/10.3126/jbuddhists.v2i2.84100

# अनुसन्धानकार्यमा पाठ्यसामग्री, सन्दर्भगत विषय तथा विषयवस्तु विश्लेषण

**डीकबहादुर राई**
शोधार्थी विद्यावारिधि तह
बौद्ध अध्ययन केन्द्रीय विभाग

***Article History***: *Submitte:23/09 / 2024* *Reviewed: 19 /03/ 2025* *Accepted: 13 / 06 / 2025*
***Corresponding Aurhor***: *Dik Bahadur Rai, Email: dbkulungrai@gmail.com*
*Copyright 2025© Author/s and the Publisher*

## लेखसार

*उच्च स्तरको वैज्ञानिक विधिहरू प्रयोग गरि आवश्यक क्षेत्र तथा विषयमा चाहे अनुरूपको प्राज्ञिक निष्कर्ष प्राप्त गर्न विविध प्रकृयाहरूबाट पुरा गरिने कार्य अनुसन्धान कार्य हो । अनुसन्धानका लागि सर्वप्रथम कस्तो विषयमा अनुसन्धान गरिने हो यसको टुंगो लगाइएको हुनु पर्दछ । अनुसन्धान विषयको छनोट पछि उक्त विषयको बारेमा उपयुक्त जानकारी दिने सूचनाहरू सङ्कलन गर्नु पर्दछ । यस प्रकारका सूचनाहरूलाई पाठ्यसामग्री भनिन्छ । पाठ्चसामग्रीहरू पठन योग्य छन् छैनन भनेर छुट्याएर पठनयोग्य सामग्रीहरूलाई सहि अध्ययन गरेर यसको विश्लेषणबाट अनुसन्धानको शुरू गरिन्छ । अनुसन्धान प्रकृयामा प्रभावित पार्ने अन्य विषयको बारेमा पनि राम्रो बिश्लेषण गरेर अनुसन्धान गर्नु पर्दछ। यस्ता प्रभावित पार्ने विषयहरूलाई अनुसन्धान सन्दर्भगत विषय भनिन्छ । अनुसन्धानलाई चाहिने भनेर सङ्कलन गरिएका सुचना एवं जानकारीहरूमा आफुलाई आवश्यक पर्ने मात्रै छनोट गरिएको जानकारी एवं तथ्याङ्कहरूको सूची अनुसन्धन सूची हो । यसरी अनुसन्धान कार्यको प्रारम्भिक चरणमा अनुसन्धान पाठ्यासामग्री, अनुसन्धनका विविध सन्दर्भ र अनुसन्धानका लागि आवश्यक विषयका सूचीहरूको अध्ययन, व्याख्या र विश्लेषणबाट भएको अनुसन्धानका कार्य मात्र सहि निष्कर्षमा पुग्दछ । सानो भन्दा सानो विषयमा गरिने सामान्य अनुसन्धान देखि विशाल र महत्त्वपूर्ण अनुसन्धानका विषयहरूमा यो तीन चरणहरू पाठ्यसामग्रीको विश्लेषण, सन्दर्भगत विषयहरूको विश्लेषण र अनुसन्धानका विषयवस्तुहरूलाई राम्रो संग ध्यानमा राखि विश्लेषणबाट सम्पन्न गरिएका अनुसन्धानका कार्यहरू संधै सफल रहने गरिएको पाईन्छ । उच्च शिक्षा ग्रहण गर्नको लागि अनुसन्धान अनिवार्य भएको कारण यस*

*लेखले सामान्य नेपाली भाषाका पाठकहरूलाई अनुसन्धान बारेमा सहज रूपले जानकारी हासिल गर्न सहयोग पुग्ने आशा लिएको छ । यो लेखलाई सम्पन्न गर्नको लागि विभिन्न अनुसन्धानात्मक लेखरचना र पुस्तकहरूको अध्ययन गरी गुणात्मक विधिबाट तयार गरिएको छ । यस अनुसन्धानात्मक लेखमा प्रयोग गरिएकका श्रोतहरूको उद्धरण र सन्दर्भ व्यवस्थापनमा अमेरिकन साईकोलजि एशोसियसन विधि (APA - American Psychological Association Method) प्रयोग गरिएको छ ।*

**शब्दकुञ्जी :** *ज्ञान, तथ्याङ्क, विश्लेषण, श्रोत, सङ्कलन, सामग्री ।*

## विषयप्रवेश

अनुसन्धान कार्य एक जटिल र धेरै संवेदनशील कार्य हो । आजको समयमा यसको प्रयोग धेरै क्षेत्रमा हुन्छ । हरेक कार्य विधिपूर्वक सफल सम्पन्न गर्नको लागि अनुसन्धान आवश्यक हुन्छ । यसलाई विविध विधि र प्रकृयाहरूलाई पुरा गरेर यसलाई सम्पन्न गरिन्छ । 'व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश' अनुसार नयाँ कुराको खाजी वा पुरानै कुरालाई नयाँ ढङ्गले प्रस्तुत गर्ने कामलाई 'अनुसन्धान' भनिन्छ (ढुङ्गाना, वि.सं. २०७८, पृ. ६७) । भएको ज्ञान वा जानकारीमा अझै थप नयाँ ढङ्गले पुन खोजी गरी थप ज्ञान तथा सुचनाहरू पत्ता लगाउने काम अनुसन्धान हो । सफल अनुसन्धानको हरेक पक्ष र क्षेत्रमा "विश्लेषण" भन्ने शब्द प्रयोग हुन्छ, जसलाई अंग्रेजीमा 'Analysis' भनिन्छ । यो शब्द ग्रीक भाषाबाट आएको हो (दास, वि.सं. २०५०, पृ. २८१) । जसको अर्थ, तत्त्व वा मौलिक विषयमा वैज्ञानिक पद्धतिबाट सामजशास्त्रीय र मानवशास्त्रीय रूपले छ्युाउन कामलाई विश्लेषण भनिन्छ । संश्लिष्ट रहेको विषयलाई अलग अलग छुट्याउने काम वा प्रकृया नै विश्लेषण हो (उप्रेती, वि.सं. २०७९, पृ. १८११) । विश्लेषणको माध्यामबाट अनुसन्धान समस्यालाई व्याख्या गर्न, अध्ययन गर्न र परिक्षण गर्न सहज हुन्छ । तथ्याङ्क वा चरहरूको सङ्कलनबाट मात्र अनुसन्धान समाप्त हुने होइन की यहाँबाट कामको शुरूआत हुन्छ । सङ्कलित तथ्याङ्कहरूको सहि विश्लेषण र व्याख्याबाट अनुसन्धानको काम अगाडि बढ्दछ । सर्वप्रथम पाठ्यसामग्रीहरूको विश्लेषण गरिन्छ । पाठ्यसामग्री विश्लेषण (Textual Analysis) भनेको अनुसन्धानको क्रममा सङ्कलित तथ्याङ्कहरू जस्तै- साहित्यिक कृति, ऐतिहासिक दस्तावेज, लेख वा अन्य लिखित सामग्रीहरूको गहिरो अध्ययन गर्दै त्यसको भएका संरचना, विषयवस्तु, शैली र यसको प्रभाव आदिको मूल्याङ्कन गर्ने वा विश्लेषण गर्ने प्रक्रिया भनेर बुझ्ने गरिन्छ । यो प्रक्रियाबाट पाठ्यसामग्रीहरूको अर्थ, सन्देश स्पष्टसँग बुझ्न मदत गर्दछ । यस पछि सन्दर्भगत विश्लेषण (Contextal Analysis) ले अनुसन्धानको प्रकृयामा कुनै विषय, परिस्थिति वा समस्याको गहिरो अध्ययन गर्दै त्यसलाई प्रभाव पार्ने तत्त्वहरू सामाजिक, सांस्कृतिक, आर्थिक राजनीतिक र भौगोलिक सन्दर्भहरूलाई बुझ्ने विश्लेषण गर्ने कार्य गरिन्छ । यो विश्लेषणले कुनै पनि परियोजना, नीति वा अनुसन्धानलाई प्रभावकारी र सान्दर्भिक बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । यसको साथमा विषयवस्तुको विश्लेषण Content Analysis पनि गरिन्छ । यो लिखित, मौखिक वा दृश्य सामग्रीको व्यवस्थित अध्ययन र व्याख्या गर्ने अनुसन्धान विधि हो । यसले सङ्कलित श्रोत प्रमाणहरूलाई विश्लेषण गरि आवश्यक महत्त्वपूर्ण जानकारी एकत्रित गर्न सहयोग गर्दछ । यसमा गुणात्मक (qualitative) वा परिमाणात्मक (quantitative) दुबै विधिहरू प्रयोग गरेर गरिन्छ । अनुसन्धान सम्पन्न गर्न विभिन्न यसका विधि, पद्धति वा

तरिकाहरू छन् जसलाई अनुसन्धान पद्धति भनिन्छ (दाहाल र खतिवडा, वि.सं. २०७७, पृ. ४) । अनुसन्धान गरिने विषय अनुसार 'अनुसन्धान पद्धति' फरक फरक हुन सक्छ तर हरेक अनुसन्धानमा माथिका पाठ्यसामग्री विश्लेषण, सन्दर्भगत विषय विश्लेषण र विषयवस्तु विश्लेषणको प्रकृयाहरूलाई अपनाउनु पर्ने हुन्छ । विषयको विश्लेषण मूलतः निम्न विधिमा आधारित रहेर गरिन्छ ।

## पाठ्यसामग्री विश्लेषण (Textual Analysis)

अनुसन्धान गरिने क्षेत्र वा विषयको छनोट गरी सके पछि यसको बृहद अध्ययन गर्न यस बारेमा तथ्य तथा सामग्रीहरूको सङ्कलन शुरू गरिन्छ । यसरी सङ्कलित सामग्रीहरूलाई पाठ्यसामग्री भनिन्छ । 'प्रज्ञा नेपाली बृहत शब्दकोष' अनुसार विद्यार्थीहरूलाई कक्षा कोठमा पढाउन पाठ्यक्रममा उल्लेखित सामग्री भन्ने उल्लेख छ (उप्रेती, वि.सं. २०७९, पृ. ११८२ ) तर यहाँ पाठ्यसामग्री भन्नाले शोध अनुसन्धानको क्रममा आवश्यक पर्ने तथ्यहरू भन्ने बुझ्नु पर्दछ । अनुसन्धानको मुख्य विषय पहिल्याउन र वर्णन गर्न अनुसन्धान सामग्रीको विश्लेषण गरिन्छ (घर्ती, वि.सं. २०८०, पृ. ७३) । विभिन्न माध्यामबाट आवश्यक सबै प्रकारका प्राथमिक तथा द्वितीय श्रोतको रूपमा रहेका तथ्यहरूलाई सर्वप्रथम सङ्कलन गरिन्छ । यसरी जम्मा भएका सर्म्पूण तथ्यहरूको सूक्ष्म रूपमा अध्ययन गरि विश्लेषण गरिने कामलाई पाठ्यसामग्री विश्लेषण भनिन्छ । पाठ्यसामग्री विश्लेषणको काम भनेको सङ्कलित सामग्री वा तथ्यहरूको बारेमा अध्ययन र व्याख्या गर्नु हो (Frey, Botan & Kreps, 1999) । सामग्री वा तथ्यहरू अक्षरको रूपमा रहेका सबै जानकारीहरूको बारेमा लेखिएको पाठ, लेखिएको समय, स्थान र सामाजिक-राजनीतिक अवस्था बुझ्ने गरिन्छ । पाठ्यसामग्रीका लेखकको जीवनी, प्रेरणाको श्रोत र आफ्नो उद्देश्य के थियो भन्ने कुरा विश्लेषण पनि यसमा गरिन्छ । साथै लेखकले प्रयोग गरेका शब्दावली, शैली र साहित्यिक उपकरणहरूको अध्ययन गरिन्छ । पाठ्यसामग्रीमा प्रयोग भएको भाषाको प्रकार र शैलि (गम्भीर, व्यंग्यात्मक, प्रेरणादायी आदि) को पहिचान यसमा गरिन्छ । पाठको मुख्य विचार वा सन्देश के हो ? पाठले के कस्ता सामाजिक, सांस्कृतिक वा राजनीतिक विषयहरूलाई सम्बोधन गर्छ ? भनेर पनि ध्यान दिने काम गर्नु पर्दछ । पाठ्यसामग्रीको ढाँचा, अध्यायहरू वा खण्डहरूको पनि अध्ययन यसमा गरिन्छ । कथा वा प्रसङ्गहरूको शिलशिला, पात्रहरूको भूमिका र यसको महत्त्व बारेमा अध्ययन यस अन्तर्गत गरिन्छ । पाठको अन्य सम्भावित थप व्याख्या र विश्लेषण पनि यसमा हुन्छ । पाठले पाठक वा समाजमा के प्रभाव पार्छ भन्ने अध्ययन पनि गरिन्छ । यसले प्रमुख गरेर गुणात्मक अनुसन्धान पद्धतिमा रहेर अध्ययन गर्न सहयोग पुऱ्याउने काम गर्दछ (Arya, 2020) । यस पछि पाठ्यसामग्रीहरू विश्लेषणको प्रयोग कस्तो ठाउँमा गर्ने बारेमा पनि अवधाणा बिकास गर्नु पर्दछ । यस बारेमा सरकारी नीति तथा नियमहरूको पनि अध्ययन गरिन्छ । पाठ्यसामग्रीको विश्लेषणबाट पाठमा भएको विषयका गहिरो अर्थ बुझ्न मद्दत गर्छ, यसले हरेक तथ्यहरू माथि आलोचनात्मक अवधारणको विकास गर्न प्रेरित गर्छ । पाठ्यसामग्री विश्लेषणलाई सुक्ष्म रूपमा बुझ्न निम्नानुसार बुँदागत रूपमा अध्ययन गर्न सकिन्छ ।

सामग्री विश्लेषण (Content Analysis)- यो विश्लेषणले अनुसन्धानमा प्रयोग भएका सामग्री वा सूचीहरूको अर्थ, विषयवस्तुको ज्ञान र जानकारी दिने गर्दछ । यसबाट पाठमा प्रयोग भएका शब्द, विचार वा विषयवस्तुको ढाँचालाई अर्थ लगाई बुझ्न सकिन्छ ।

शब्दार्थ विश्लेषण (Semantic Analysis) - यो विश्लेषणले अनुसन्धानमा प्रयोग भएका पाठको अर्थ र सन्दर्भलाई बुझ्न मद्दत गर्दछ । पाठमा लुकेका गहिरा अर्थहरू र शब्दहरूको सम्बन्ध पत्ता लगाउने काम यसबाट हुन्छ ।

शैलीगत विश्लेषण (Stylistic Analysis)- यसले पाठको लेखन शैली, व्याकरण र सिर्जनात्मकता बारेमा ज्ञान दिने काम गर्दछ ।  लेखनशैली र भाषाको प्रयोग बुझ्ने र फरक लेखकहरूको लेखन शैली तुलना गर्न यसबाट सहज हुन्छ ।

आलोचनात्मक विश्लेषण (Critical Analysis)- यसले पाठका सामाजिक, सांस्कृतिक र राजनीतिक पक्षको आलोचनात्मक समीक्षा गर्दछ । लुकेका विचार वा उद्देश्यलाई उजागर गर्ने र साहित्यिक कृतिमा सामाजिक मूल्यमान्यताहरूको बारेमा विश्लेषण यसमा हुन्छ ।

भाषिक विश्लेषण (Linguistic Analysis)- यो विश्लेषणबाट पाठको भाषिक संरचना र व्याकरणको विश्लेषण हुन्छ । पाठमा प्रयोग भएका व्याकरण र भाषिक संरचनाहरूको अध्ययन गर्ने वाक्य संरचना र शब्दहरूको व्याकरणीय प्रयोगको विश्लेषण यसमा गरिन्छ ।

भाव विश्लेषण (Thematic Analysis)- यो विश्लेषण पाठमा भएका प्रमुख विषयवस्तु वा विचारको पहिचान गर्दछ । पाठमा बारम्बार आउने मुख्य विषयवस्तुहरू पत्ता लगाउने र कथा वा उपन्यास जस्ता विषयहरूमा प्रेम, संघर्ष वा परिवारिक र सामाजिक विषय वस्तुहरूको खोज यसमा गरिन्छ ।

संवादात्मक विश्लेषण (Discourse Analysis)- यसमा पाठको सामाजिक र सांस्कृतिक सन्दर्भमा संवादको अध्ययन गरिन्छ । विशेष व्यक्तिहरूले दिनु भएको संवादमा रहेको विषयहरूको विश्लेषणबाट पाठको समाजिक र भाषिक सम्बन्ध बुझ्ने प्रयत्न यसमा गरिन्छ ।

सन्दर्भ विश्लेषण (Contextual Analysis)- यो विश्लेषणले ऐतिहासिक, सांस्कृतिक र सामाजिक पृष्ठभूमिमा अध्ययन गर्दछ। त्यस समयमा भएको सामाजिक परिवेशसँग जोडेर बुझ्ने र ऐतिहासिक अभिलेखहरूको विश्लेषण गर्ने काम यसमा गरिन्छ ।

परिमाणात्मक विश्लेषण (Quantitative Analysis)- यसले पाठमा भएका परिमाणात्मक वा मात्रात्मक तथ्याङ्कहरूको अध्ययन गर्दछ । पाठमा प्रयोग भएका शब्द वा वाक्यहरूको दोहोरिने मात्रालाई मापन गर्ने वा पुस्तकमा बारम्बार प्रयोग भएका शब्दहरूको गणना गर्ने काम यो विश्लेषणले गर्दछ ।

संरचनात्मक विश्लेषण (Structural Analysis)- यो पाठको संरचना तथा पात्रहरूका सम्बन्धमा विश्लेषण गर्दछ। पाठ्यसामग्रीहरूको वनोट तथा संरचना, पाठको कथा, पात्र र अन्य तत्त्वहरूको अन्तरसम्बन्ध बुझ्ने र कथाको प्रारम्भ, उत्कर्ष र निष्कर्षको अध्ययन गर्ने काम यसले गर्दछ।

## सन्दर्भगत विषयको विश्लेषण (Contextual Analysis)

पाठ्यसामग्रीहरूको अध्ययन र विश्लेषणको साथमा सन्दर्भगत विश्लेषण पनि अति आवश्यक हुन्छ। यसको लागि विभिन्न आवश्यक सन्दर्भहरूको पहिचान गर्नु पर्दछ। 'सन्दर्भ' भन्नाले कुनै लेख रचना वा ग्रन्थ आदिको विषयसँग जोडिएर आउने सम्बन्धित प्रसंग वा विषय भन्ने यसको शाब्दिक अर्थ हुन जान्छ। यसै अर्थलाई बृहद रूपमा अनुसन्धानको प्रसंगमा अनुसन्धान गरिने विषयको वरिपरिको घटना वा घटना वरपरका वातावरणहरूलाई सन्दर्भ भन्ने बुझ्न सकिन्छ र यसको बारेमा विश्लेषण अर्थात अनुसन्धानलाई प्रभाव पार्न तत्त्वहरूको अध्ययन नै सन्दर्भगत विषयको विश्लेषण Contextual Analysis हो। सन्दर्भगत विषय विश्लेषण Contextual Analysis भनेको कुनै पाठ, सामग्री वा घटनालाई त्यसको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भमा राखेर अध्ययन गर्ने विधि हो। अनुसन्धानमा अध्ययन गर्नुपर्ने विषय वा समस्याको स्पष्ट रूपमा परिभाषा गरे पछि यसले के कस्तो क्षेत्रलाई असर गर्छ (जस्तै, शिक्षा, स्वास्थ्य, पूर्वाधार आदि) भन्ने बुझ्नु पर्दछ। अनुसन्धान गर्नु अगाडि तथ्याङ्कहरू सङ्ग्रह गर्न पनि यस प्रकारको विश्लेषण आवश्यक पर्दछ। हामीले गर्न लागिएको अनुसन्धानको बारेमा किन, कहिले र कहाँ भन्ने प्रसङ्गसँग यसको सन्दर्भ जोडिएर आउने गर्दछ (https://brand24.com/blog/author/katarzyna-deren) तथ्याङ्कहरू सङ्कलन गर्दा गुणात्मक (qualitative) र परिमाणात्मक (quantitative) तथ्याङ्क सङ्कलन गर्ने भन्ने बारेमा निर्णय गर्न यसबाट सहज हुन जान्छ। अनुसन्धानका कार्यमा सन्दर्भको बारेमा अध्ययन गर्दा हामीले अनुसन्धानका कार्य गर्न लागेको हरेक विषयहरूको सम्बन्ध अन्य धेरै विषयहरूसँग हुन्छ। जस्तो- यसका अन्तरसम्बन्धित विषयहरू सांस्कृतिक पक्ष, सामाजिक पक्ष राजनैतिक पक्ष, दार्शनिक पक्ष, आर्थिक पक्ष, धार्मिक पक्ष र ऐतिहासिक पक्षहरूका अन्तरसम्बन्धित तथ्यहरूलाई पनि समेटेर अध्ययन भएको हुनु पर्दछ https://english.unl.edu/sbehrendt/StudyQuestions/ContextualAnalysis.html)। यस विषयको अध्ययनले समस्या र चुनौतीको विश्लेषण गर्न धेरै सहज हुन्छ। सन्दर्भगत विषयमा सामाजिक, आर्थिक र भौगोलिक पक्षको अध्ययन गरी स्थानीय आवश्यकता, अवसर र चुनौतीको पहिचान गरिन्छ। विभिन्न तथ्यहरूको पारस्परिक सम्बन्धको अध्ययन गर्न, अन्य पक्षहरू (जस्तै, समुदाय, सरकार, निजी क्षेत्र) बीचको सम्बन्ध र उनीहरूको भूमिकाको मूल्याङ्कन गर्न यसबाट सम्भव हुन्छ। विविध समस्याहरूका समाधानहरूको सम्भावना पत्ता लगाउने क्रममा सन्दर्भगत विश्लेषणको आधारमा नीति र कार्यक्रमको तर्जुमा गर्नु सकिन्छ। हरेक विषयको तथ्याङ्कहरू भौगोलिक, सामाजिक र सांस्कृतिक विविधताका कारण फरक पर्ने भएको कारण अनुसन्धान गर्न यसको महत्त्व धेरै रहेको हुन्छ। सामाजिक जीवनमा प्रभाव पार्ने तत्त्वहरू जातीय, भाषिक, साँस्कृतिक र धार्मिक त्यस्तै शिक्षा, स्वास्थ्य र लिङ्गसम्बन्धी असमानताहरूको सन्दर्भहरूले सबै अनुसन्धानमा प्रभाव पार्दछ। यसरी नै आर्थिक सन्दर्भमा प्रभाव पार्ने तत्त्वहरू, भौगोलिक सन्दर्भका तत्त्वहरू राजनीतिक सन्दर्भका तत्त्वहरू, सांस्कृतिक सन्दर्भका तत्त्वहरूले अनुसन्धानमा

प्रभाव पार्ने भएको कारण यसलाई पनि अध्ययन गर्नु पर्छ। सन्दर्भगत विषयको विश्लेषण पनि विभिन्न रूपमा रहेको हुन्छ। यसलाई निम्न प्रकारले व्याख्या गर्न सकिन्छ।

ऐतिहासिक सन्दर्भ विश्लेषण (Historical Context Analysis)- यस प्रकारको विश्लेषणमा ऐतिहासिक काल, घटना र परिस्थितिहरूलाई जोडेर अध्ययन गरिन्छ। अनुसन्धानको विषयसँग सम्बन्धित ऐतिहासिक घटनाहरू, मान्यताहरू र सन्दर्भ बुझ्न यसको विश्लेषण आवश्यक हुने गर्दछ।

सांस्कृतिक सन्दर्भ विश्लेषणले (Cultural Context Analysis)- यो विश्लेषणले त्यस समयको सांस्कृतिक मूल्य, परम्परा र सामाजिक मान्यतासँग जोडेर अध्ययन गर्दछ। अनुसन्धानमा उल्लेख भएको समयमा प्रचलित सांस्कृतिक मान्यताहरू बुझ्ने र परम्परागत संस्कृतिमा आधारित कथा आदिको विश्लेषण र अध्ययन गर्ने काम यसमा हुन्छ।

सामाजिक सन्दर्भ विश्लेषण (Social Context Analysis)- यस प्रकारको विश्लेषणले पाठको सामाजिक संरचना, वर्ग, लिङ्ग र सम्बन्धहरूको अध्ययन गर्दछ। समाजमा विद्यमान चलन, परम्परा जस्तै- जातीय समानता वा विभेद झल्काउने विषयहरूको अध्ययन यसमा हुन्छ।

राजनीतिक सन्दर्भ विश्लेषण (Political Context Analysis)- यो विश्लेषणमा राजनीतिक वातावरण, शक्ति संरचना र नीतिसँग जोडेर विश्लेषण गरिन्छ।  अनुसन्धानमा राजनीतिक विचार र तिनको प्रभाव बुझ्नु अध्ययन हुन्छ।

आर्थिक सन्दर्भ विश्लेषण (Economic Context Analysis)- यो विश्लेषणमा त्यस समयमा प्रचलित आर्थिक अवस्था, वर्गीय विभाजन र साधन-स्रोतको वितरणसँग जोडेर अध्ययन गर्न सकिन्छ। आर्थिक पक्ष र यस सँग सम्बन्धित अन्य पक्षहरूको आर्थिक स्थिति बुझ्नु यसको उदेश्य हो।

भौगोलिक सन्दर्भ विश्लेषण (Geographical Context Analysis)- यो विश्लेषणमा स्थान र स्थानविशेष वातावरणीय पक्षको अध्ययन गर्दछ। विभिन्न प्रकारको सन्दर्भ वा घटनाहरू त्यस भौगोलिक क्षेत्रसँग कसरी सम्बन्धित छन् भन्ने यसमा अध्ययन गरिन्छ। कुनै ठाउँ विशेषको जनजीवन झल्काउने प्रसंगहरूको अध्ययन यसमा हुन्छ।

धार्मिक सन्दर्भ विश्लेषण (Religious Context Analysis)- यो विश्लेषणमा धर्म संस्कार बारेको प्रसङ्ग, धार्मिक पृष्ठभूमि, त्यसमा प्रयोग भएका धार्मिक प्रतीक चिन्हहरू र यसका विषयवस्तुको बारेमा अध्ययन गरिन्छ। अनुसन्धानको विषयवस्तु संग सन्र्दभ हुने धार्मिक संकेत चिन्ह र यसको अर्थ र औचित्यको बारेमा पनि यसमा अध्ययन हुन्छ।

मनोवैज्ञानिक सन्दर्भ विश्लेषण (Psychological Context Analysis)- यो विश्लेषणले अनुसन्धानको मनोवैज्ञानिक पक्ष र अनुसन्धानमा सहभागी पात्रहरूको मानसिक अवस्था बुझ्न खोज्छ । पात्रहरूको भावना, निर्णय र व्यवहारको अध्ययन यसमा गरिन्छ ।

वैज्ञानिक सन्दर्भ विश्लेषण (Scientific Context Analysis)- अनुसन्धान भई रहेको समयमा प्रचलित वैज्ञानिक खोज, प्रविधि र तत्कालीन अवधारणासँग जोडेर पनि विश्लेषण गरिन्छ । यसमा देखिएका वैज्ञानिक कारण, प्रभाव र वैज्ञानिक खोजबाट अनुसन्धानमा पुग्ने सहयोग वा असर बारेमा यसमा अध्ययन गरिन्छ ।

सम्प्रेषणीय सन्दर्भ विश्लेषण (Communicative Context Analysis)- अनुसन्धानमा प्रयोग हुने तथ्याङ्क वा सामग्रीहरूका पाठक र यसको लेखक बीचको सम्प्रेषण वा संचारको कोणबाट पनि अध्ययन गर्ने गरिन्छ । पाठक र लेखकबीचको सन्देश आदान-प्रदान कसरी प्रभावकारी बनाउन सकिन्छ र सम्बन्ध बढाउने तत्त्वहरूको विश्लेषण यसमा हुन्छ । यसबाट पाठकहरूमा उत्पन्न भएका भावनात्मक प्रभावको अध्ययन हुने गर्दछ जसले अनुसन्धान गर्नमा सहयोगी भूमिका निर्वाह गर्दछ ।

## विषयवस्तु विश्लेषण (Content Analysis)

भौतिक भन्दा सामाजिक विषयवस्तुहरू संख्यामा गणना गर्न कठिन भएको कारण यसको अनुसन्धान जटिल हुने गर्दछ। यस प्रकारको जटिलतालाई मध्यनजर गरी यसको प्रारम्भिक चरणमा आवश्यक विषयवस्तुहरूलाई मिलाएर क्रमबद्ध रूपमा राखिन्छ । विषयहरूको क्रमबद्ध सूची नै विषयवस्तु भनेर यसको शाब्दिक अर्थ रहेको छ । विषयवस्तुमा विभिन्न विषयमा प्रकाशित सामग्री वा विषयवस्तुहरूलाई एकत्रित गरेर यसमा मिल्नेहरू अलग छुटयाएर राखिन्छ । यसको सहि विश्लेषणबाट असंख्या मात्रामा रहेका तथ्याङ्कहरूबाट सहि, आवश्यक र महत्त्वपूर्ण तथ्याङ्कहरू प्राप्त गर्न सकिन्छ । अनुसन्धानका विषय अनुरूप मिल्ने तथ्याङ्कहरूलाई उचित विधि अपनाई विषयवस्तु विश्लेषणबाट अनुसन्धानको कार्य अगाडि बढाइन्छ । यस्ता विधिहरूमा गुणात्मक, मात्रात्मक तथा मिश्रित विधिहरू प्रमुख रूपमा रहेका छन् । अनुसन्धानमा धेरै मात्रामा यर्थात एवं वास्तविक तथ्याङ्क सङ्कलन होस भनेर विषयवस्तुमा वा विषयवस्तु विश्लेषण पद्धतिलाई भरपर्दो विधि मानिन्छ (दाहाल र खतिवडा, वि.सं. २०७७, पृ. ११७) । अनुसन्धानको लागि सङ्कलन गरिएका सम्पूर्ण तथ्य, सामग्री वा विषय वस्तुहरूलाई विधिवत रूपमा पहिचान, अध्ययन, व्याख्या र विश्लेषण गर्ने काम यसमा गरिन्छ । सहि रूपमा उपयुक्त तथ्य सम्म पुग्नको लागि पनि यस विधिले काम गर्दछ । अनुसन्धान कार्यमा यसलाई एक वैज्ञानिक पद्धतिको रूपमा यसलाई लिने गरिन्छ । यसबाट तथ्याङ्कहरूको मूल्याङ्कन गर्न, अनुसन्धानका आवश्यक ढाँचा तयार गर्न, सामाजिक परिवेशहरूको अध्ययन गर्न मद्दत पुग्दछ । धेरै अनुसन्धानका लागि चाहिने तथ्याङ्क वा प्रमाणहरूमा सहि र उपयुक्त छनोट गर्न पनि विषयवस्तुको विश्लेषण एवं अध्ययनबाट सम्भव हुन जान्छ । तथ्याङ्क वा विषयवस्तुमा भएका चर (Variable) हरूको अर्थ, भाव र उद्देश्य पहिचान गरी तथ्याङ्क निर्माण गर्न साथै सामग्रीमा प्रयोग भएका शब्द वाक्य वा सन्देशको भाव बुझ्न र सामग्रीले समाजमा व्यक्त गर्ने धारणा वा प्रभावको विश्लेषण गर्न यसको विश्लेषणबाट सम्भव हुन्छ । विषयवस्तुको विश्लेषणबाट परिमाणात्मक तथ्याङ्क

निकाल्न सहज हुन्छ । अनुसन्धानमा प्रयोग हुने तथ्याङ्क वा चरहरूको स्वभाव वा प्रकृतिको आधारमा यसलाई विश्लेषण गर्ने पद्धतिहरू पनि फरक फरक प्रकारका हुन्छन् ।

गुणात्मक सामग्री विश्लेषण (Qualitative Content Analysis) यस प्रकारको विश्लेषण विधिमा मापन गर्न वा गणना गर्न नसकिने तथ्याङ्क सामग्रीको सन्दर्भ अध्ययन गर्न यसको प्रयोग गरिन्छ । कुनै पनि विषय सामग्रीहरूको अर्थ, भाव र सन्देशको अध्ययन यसमा गरिन्छ । यो सामग्रीको अर्थ, व्याख्या र यसको अर्थ तथा भावको गहिराइ सम्म केन्द्रित भएर यसमा लुकेका सन्देश, विषयवस्तु र भावनालाई बुझेर विश्लेषण गर्ने काम यसमा गरिन्छ ।

परिमाणात्मक सामग्री विश्लेषण (Quantitativ Content Analysis) मापन गर्न सकिने वा गणना गर्न सकिने सामग्रीहरूको विश्लेषण गर्ने काम यस विधिमा गरिन्छ । उदाहरणको लागि कुन कुन गणना वा मापन गर्न सकिने वस्तुको प्रयोग कति वटाको साथै कति पटक प्रयोग गरिएको छ भन्ने अध्ययनहरू यसमा गरिन्छ ।

भावमा-आधारित सामग्री विश्लेषण (Thematic Content Analysis) यो विश्लेषण विधि सामग्रीको मुख्य विषय र विचारको पहिचानमा केन्द्रित हुन्छ । सामग्रीहरूका प्राथमिक विषयवस्तु र त्यसमा आधारित विचार वा भावको अध्ययन यसमा हुन्छ ।

शब्द आवृत्ति विश्लेषण (Word Frequency Analysis) यो अनुसन्धानको सामग्रीमा प्रयोग भएका शब्दहरूको बारम्बार प्रयोगको अध्ययन यसमा गरिन्छ । शब्दहरूको प्रयोग कहाँ र कसरी भइरहेको छ भन्ने बारेमा यसमा अध्ययन र विश्लेषण यसमा हुन्छ ।

सारांश सामग्री विश्लेषण (Summative Content Analysis) यो विश्लेषण अनुसन्धानको विशिष्ट शब्द वा वाक्यांशहरूको प्रयोग र त्यसको सन्दर्भलाई अध्ययन र विश्लेषण गर्ने काम यसमा गरिन्छ । तथ्याङ्क वा सामग्रीहरूको सन्देश र विषयवस्तुलाई सारांशमा बुझ्ने काम यसमा हुन्छ ।

मुख्य अनुसन्धानको प्रकृयाहरूको सहि पहिचान गर्न, डाटा सङ्कलन गर्नको लागि कोडिङ अर्थात वर्गिकरण गर्न, यसको अध्ययन साथै व्याख्या विश्लेषण यसको प्रमुख उदेश्य रहेको हुन्छ । विषयवस्तुको विश्लेषणबाट विभिन्न तथ्याङ्क वा सामग्रीलाई व्यवस्थित रूपमा सङ्कलन गर्न, उक्त सङ्कलित तथ्याङ्क वा सामग्रीलाई विशेष श्रेणीहरूमा विषयगत वर्गीकृत गर्न र तथ्याङ्क वा सामग्रीबाट प्राप्त डाटाको मूल्याङ्कन गर्दै निष्कर्ष निकाल्ने काम सम्पन्न गर्ने गरिन्छ । विषयवस्तु विश्लेषणको महत्त्व धेरै नै रहेको छ किनकी यसबाट तथ्यपरक जानकारी हासिल गर्न, समाज र समाजमा भएका विद्यमान प्रवृत्तिहरूको अध्ययन गर्न, व्यावसायिक रणनीति तर्जुमा गरि महत्त्वपूर्ण जानकारी निकाल्न यो विश्लेषणबाट सकिन्छ । शिक्षा, अनुसन्धान र नीतिगत निर्णय गर्न पनि यसले सहयोग गर्दछ । अनुसन्धान कार्य सम्पन्न गर्न धेरै विषयहरूको अध्ययन र विश्लेषणहरू आवश्यक हुन्छ । यसको प्रकृतिको आधारमा माथि उल्लेखित विधिबाट यसलाई विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

## निष्कर्ष

पाठ्य सामग्री विश्लेषण सन्दर्भगत विषय विश्लेषण र विषयवस्तु विश्लेषणले अनुसन्धान प्रकृयाको क्रमलाई वैज्ञानिक र प्रभावकारी बनाउन अति आवश्यक प्रकृयागत विधिको रूपमा काम गरेको हुन्छ। पाठ्यसामग्री विश्लेषणले अनुसन्धानमा प्रयोग गरिने विभिन्न पाठको गहिरो अर्थ, सन्देश र प्रभावलाई उजागर गराउने काम गर्छ। यसले लेखक र पाठकबीचको सम्बन्धलाई अझ राम्रोसँग बुझ्न र सामग्रीको व्याख्या गर्न मद्दत पुऱ्याउँछ। पाठको सही विश्लेषणले समाज, संस्कृति र पाठकहरूको सोचाइमा पर्न सक्ने प्रभावबारे जानकारी दिन्छ। सन्दर्भगत विषय विश्लेषणले उक्त तथ्य, सामग्रीलाई यसको वास्तविक सन्दर्भमा राखेर बुझ्न सहयोग गर्दछ । यसले सामग्रीको ऐतिहासिक, सांस्कृतिक, सामाजिक र राजनीतिक जस्ता सम्बन्धित विविध पक्षहरूको प्रभावलाई उजागर गर्छ । यो विश्लेषणको प्रभावकारी प्रयोगबाट अनुसन्धानकर्ताले अनुसन्धान सामग्रीको अर्थ मात्र होइन, त्यसले अनुसन्धान साथै समाजमा पार्न सक्ने गहिरो प्रभावहरू पनि बुझ्न मदत गर्दछ ।

विषयवस्तु विश्लेषण अनुसन्धान विधिमा प्रयोग हुने सामग्रीहरूको अध्ययन, यसका विभिन्न स्वरूपको पहिचान गर्ने साथै अनुसन्धान कार्यमा सहजताका लागि विविध कार्यहरू वर्गीकृत गर्ने एक प्रकारको सर्वश्रेष्ठ तरिका हो । यसबाट राजनीति, शिक्षा र सामाजिक विज्ञान लगायत विभिन्न क्षेत्रहरूको अनुसन्धानमा महत्त्वपूर्ण योगदान पुग्दछ। यो तीन वटै विश्लेषणले अनुसन्धानलाई सहि निष्कर्षमा पुराउने प्रमुख अङ्गको रूपमा भूमिका निर्वाह गरेको हुन्छ । यसको समुचित प्रयोगबाट अनुसन्धानकार्य सफल, यथार्थको साथमा भरोसायोग्य नतिजा प्रदान गर्न सफल रहन्छ ।

## सन्दर्भसामग्री

बन्धु, चुडामणि (वि.सं. २०६०). *तथ्यसङ्कलनः पुस्तकालय कार्य, क्षेत्रिय सर्वेक्षण र क्षेत्रकार्य, अनुसन्धान विधि केही पक्ष,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

ढुङ्गाना, नीलमणि (वि.सं. २०७८). *व्युत्पत्तिमूलक संस्कृत-नेपाली शब्दकोश,* साझा प्रकाशन ।

दास, प्रभाकर लाल (वि.सं. २०५०) *उच्चस्तरीय सामाजिक अनुसन्धान प्रविधि,* श्री जयनारायण ।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (वि.सं. २०७७). *अनुसन्धान पद्धति,* पैरवी बुक हाउस ।

उप्रेती, गंगा प्रसाद (वि.सं. २०७९). *प्रज्ञा नेपाली बृहत शब्दकोश,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

घर्ती, दुर्गाबहादुर (वि.सं. २०८०). *अनुसन्धान पद्धतिः सिद्धान्त र प्रयोग,* अनुसन्धान विमर्श नेपाल ।

Frey, L., Botan, C., & Kreps, G. (1999). *Investigating communication: An introduction to research methods*. (2nd ed.) Boston: Alyn & Bacon.

Aneri Arya, *An Overview of Textual Analysis as a Research Method for Cultural Studies*, Gujarat: Department of English Veer Normed South Gujarat University, Surat, 2020.

https://brand24.com/blog/author/katarzyna-deren/

https://english.unl.edu/sbehrendt/StudyQuestions/ContextualAnalysis.html.